# सर्केगाड गाउँपालिका स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको

# विनियोजन ऐन, २०८३

**गाउँसभाबाट स्वीकृत मितिः २०८३/०३/१०**

**सर्केगाड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सर्केगाड, हुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

**गाउँपालिकाको आर्थिक वर्ष ०८३/८४ को सेवा प्रवाह र विकास निर्माण कार्यहरुको सञ्चालनको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः**

सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८३/०८४ को सेवा प्रवाह र विकास निर्माण कार्यहरुको सञ्चालनका लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को (२) बमोजिम सर्केगाड गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम **"सर्केगाड गाउँपालिकाको विनियोजन ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष ०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति,विषयगत शाखाले गर्ने सेवा प्रवाह र विकास निर्माण कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लेखित चालु तथा प्रशासनिक खर्च, पूजिगत तथा विकास निर्माण तर्फको खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५४,२७,१५,०९२।– (अक्षेरुपी चौवन्न करोड सत्ताइस लाख पन्ध्र हजार बयानब्बे मात्र) मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ। जसमा चालुगत खर्च रू.३४९२०००००।-(अक्षेरूपी चौतीस करोड बयानब्बे लाख मात्र) तथा पुँजीगत खर्च रू.१९३५१५०९२।- (अक्षेरूपी उन्नाइस करोड पैँतीस लाख पन्ध्र हजार बयानब्बे मात्र)

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष ०८३/०८४ को निमित्त सर्केगाड गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा १ मा जुनसूकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने अवस्था आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट अपुग हुन गएको शिर्षकमा संघिय कानून तथा

प्रदेश कानून बमोजिम रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शीर्षकको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्न तथा निकासा र खर्च देखाउन सकिनेछ। पूजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु शिर्षकमा सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भूक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्नु परेमा गाउँ कार्यपालिकाबाट स्विकृत गराइ गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ। गाउँसभाले उक्त रकमान्तर सम्बन्धी निर्णय अनुमोदन नगरेमा खर्चको दायित्व सम्बन्धित साविककै खर्च शिर्षकमा रहनेछ।

**अनुसूचि १**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

## सञ्चित कोषबाट विनियोजन हुने रकम

**रु. मा**

| क्र.सं. | अनुदान | शीर्षकको नाम | चालु तथा प्रशासनिक खर्च | पूजिगत तथा विकास तर्फको खर्च | वित्तिय व्यवस्था | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | | गाउँ कार्यपालिका | ९७०००००० नौ करोड सत्तरी लाख | ८३४४४०९२ आठ करोड चौतीस लाख चवालीस हजार बयानब्बे मात्र | | १८०४४०९२ अठार करोड चार लाख चवालीस हजार बयानब्बे मात्र | |
| २ | | वडा समिति | ८०००००० असी लाख | २४०००००० दुइ करोड चालिस लाख | | ३२०००००० तिन करोड बीस लाख मात्र | |
| ३ | | | | | | | |
| ४ | ऋणको सावा/ब्याज भूक्तानी | | | | | | |
| ५ | लगानी(शेयर/ऋण) | | | | | | |
| ६ | सशर्त बजेट | चालु तथा पूजिगत तोकिएका कार्यक्रमतर्फ | | | | ३३०२७१००० | |
| | **जम्मा** | | १०५०००००० दश करोड पचास लाख | दश करोड चौहत्तर लाख चवालीस हजार बयानब्बे | | ५४२७१५०९२ चवन्न करोड सत्ताइस लाख पन्ध्र हजार बयानब्बे | |

आ.व. ०८३/८४ को प्रस्तावित आय व्यय विवरण

| आम्दानी शिर्षक | रकम | अक्षरमा | खर्च शिर्षक | रकम | अक्षरमा |
|---|---|---|---|---|---|
| **संघीय राजश्व बाँडफाँड** | **१०४६१४०००** | **दश करोड छयालीस लाख चौध हजार मात्र** | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १०५०००००० | **दश करोड पचास लाख मात्र** |
| **संघिय समानिकरण अनुदान** | **९३३०००००** | **नौ करोड तेत्तीस लाख मात्र** | संघिय विशेष अनुदान | **६८०००००** | **अठसठ्ठी लाख मात्र** |
| **संघिय सशर्त अनुदान** | **२१२९०००००** | **एक्काइस करोड उनान्तीस लाख मात्र** | संघिय सशर्त अनुदान | **२१२९०००००** | **एक्काइस करोड उनान्तीस लाख मात्र** |
| **संघिय विशेष अनुदान** | **६८०००००** | **अठसठ्ठी लाख मात्र** | प्रदेश सशर्त अनुदान | **५५९७१०००** | **पाँच करोड उनान्साठी लाख एकहत्तर हजार मात्र** |
| **संघीय समपूरक अनुदान** | **१६३०००००** | **एक करोड त्रिसठ्ठी लाख मात्र** | संघीय समपूरक अनुदान | **१६३०००००** | **एक करोड त्रिसठ्ठी लाख मात्र** |
| **प्रदेश राजश्व बाँडफाड** | **१५७००९२** | **पन्ध्र लाख सत्तरी हजार बयानब्बे मात्र** | प्रदेश समपूरक अनुदान | **२७८०००००** | **दुई करोड अठहत्तर लाख मात्र** |
| **प्रदेश समानिकरण अनुदान** | **१०४३८०००** | **एक करोड चार लाख अठतिस हजार मात्र** | प्रदेश विशेष अनुदान | **१०५०००००** | **एक करोड पाँच लाख मात्र** |
| **प्रदेश सशर्त अनुदान** | **५५९७१०००** | **पाँच करोड उनान्साठी लाख एकहत्तर हजार मात्र** | वडास्तरीय आयोजना कार्यान्वयन | ३२०००००० | **तीन करोड बीस लाख मात्र** |
| **प्रदेश विशेष अनुदान** | **१०५०००००** | **एक करोड पाँच लाख मात्र** | समपूरक आयोजनाका लागि साझेदारी | ४२१५०००० | **चार करोड एक्काइस लाख पचास हजार मात्र** |

| | | | | | |
|---|---|---|---|---|---|
| **प्रदेश समपूरक अनुदान** | २७८००००० | **दुई करोड अठहत्तर लाख मात्र** | विषयगत कार्यक्रम सञ्चालन (शिक्षा स्वास्थ्य कृषि लगायत तोकिए बमोजिम) | १५०००००० | **एक करोड पचास लाख मात्र** |
| **आन्तरिक आम्दानी एवम अल्या(अनुमानित)** | २०००००० | **बीस लाख मात्र** | पछि परेको वर्ग लक्षित कार्यक्रम सञ्चालन | १५००००० | **पन्ध्र लाख मात्र** |
| | | | अन्य पूजिगत खर्च | १६७९४०९२ | **एक करोड सतसठ्ठी लाख चौरानब्बे हजार बयानब्बे मात्र** |
| **जम्मा रकम** | **५४२७१५०९२** | **चौवन्न करोड सत्ताइस लाख पन्ध्र हजार बयानब्बे मात्र** | **जम्मा खर्च** | **५४२७१५०९२** | **चौवन्न करोड सत्ताइस लाख पन्ध्र हजार बयानब्बे मात्र** |